आज मिति २०८१ साल माघ ०७ गते सोमबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं. २ :- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को नतिजा सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं.२ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह संस्थागत क्षमता स्वममूल्यांकन कार्यविधि, २०७७ को दफा-४ (ज) बमोजिम यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) तपसिलको नतिजा माथी व्यापक छलफल गरियो तथा पारित गरियो र आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो।

तपसिल :-

| क्र.स. | स्वमूल्यांकन विषयगत क्षेत्र | प्राप्त अङ्कभार प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | शासकीय प्रवन्ध | ९४.४४% | |
| २. | संगठन तथा प्रशासन | १००.००% | |
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ८६.३६% | |
| ४. | वित्तीय एवम् आर्थिक व्यवस्थापन | १००.००% | |
| ५. | सेवा प्रवाह | ७९.६९% | |
| ६. | न्यायिक कार्य सम्पादन | १००.००% | |
| ७. | भौतिक पूर्वाधार | ७३.०८% | |
| ८. | सामाजिक समावेशीकरण | ९५.००% | |
| ९. | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ७२.२२% | |
| १०. | सहकार्य र समन्वय | ६६.६७% | |
| | जम्मा औषत प्राप्तांक प्रतिशत | ८६.२५% | |

**प्रस्ताव नं. ३ :- प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत आयोना/कार्यक्रमहरुको कार्यान्वयन विधि सम्बन्धमा ।**

निर्णय नं. ३:- प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यस जानकी गाउँपालिकाको लागि स्वीकृत तपसिल बमोजिमका आयोजनाहरुलाई देहाय बमोजिमको कार्यान्वयन विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | आयोजना/कार्यक्रम | आयोजना/कार्यक्रम कार्यान्वयन विधि | आयोजना/कार्यक्रम कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | निङ्लाशैनी मष्टा मन्दिरको अधुरो भवन निर्माण जानकी-२ पालकोट | बोलपत्र | जानकी-२ पालकोट | |
| २. | जानकी गा.पा. ७ जीर्ण शिव मन्दिर पुन:निर्माण | बोलपत्र | जानकी-७, मोतिनगर | |

८१.१०.०८
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।१०।०८
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं.४:-** आ.व. २०८२।०८३ को लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं.४ :-** प्रस्ताव नं. ४ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम सम्बन्धी मिति २०८१।०९।२९ को सूचना अनुसार आर्थिक वर्ष २०८२।०८३ को लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजना/कार्यक्रम माग गर्ने प्रस्ताव सहित विवरणहरु संघीय मामिला तथा सामान्य मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाईमा पठाउने निर्णय गरियो ।

तपसिल:-

| क्र. स. | प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | आयोजना स्थल | अनुमानित लागत | | | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रिय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम रु. | कुल लागत | | |
| १. | थारु ललितकला प्रवर्द्धन कार्यक्रम | जानकी गाउँपालिका | ९,००,००० | १,००,००० | १०,००,००० | सोझै खरिद | |
| २. | दुर्गौली-बेलासपुर-मुनुवा सडक कालोपत्रे | जानकी -१ र ४ | १,३८,९७,७१२।८ | ५९,५६,१६२।८ | १,९८,५३,८७५।६ | बोलपत्र | |
| ३. | मुनुवा-झप्टी-दुर्गौली सडक कालोपत्रे | जानकी -४ र १ | १,३९,५२,०४१।५ | ५९,७९,४४६।४ | १,९९,३१,४८७।९ | बोलपत्र | |
| ४. | स्वास्थ्य चौकी भवन निर्माण जानकी -७ | जानकी-७ | ६०,५६,९३२।८ | २५,९५,८२८।३० | ८६,५२,७३१।२ | बोलपत्र | |
| ५. | शान्ती ऐडीको घर देखि परशु तिरुवाको घर सम्म सडक कालोपत्रे | जानकी-३ | ३७,३९,५२४।६ | २६,१७,६६५।१ | ३७,३९,५२४।६ | बोलपत्र | |
| ६. | खुन्डी पुल देखि जोशिपुर जोड्ने सडक कालोपत्रे | जानकी-२ | १,३३,३४,५४०।९ | ५७,१४,८०३।३ | १,९०,४९,३४४।२ | बोलपत्र | |

**प्रस्ताव नं. ५ :- जानकी गाउँपालिका अन्तर्गत रहेका मुक्त कमैया, हलिया तथा कम्हलरीहरुको समस्या समाधान गर्न कानून निर्माणका लागि मस्यौदा समिति गठन सम्बन्धमा ।**

**निर्णय नं.५ :-** प्रस्ताव नं. ५ माथी छलफल गर्दा मुक्त कमैया घोषणा भएको लामो समय वितिसक्दा समेत अधिकांश मुक्त कमैया, कम्हलरी र हलियाहरुले परिचयपत्र लगायत राज्यबाट प्राप्त गर्नुपर्ने सेवा सुविधाबाट वञ्चित रहेको सन्दर्भमा यस जानकी गाउँपालिका अन्तर्गत रहेका वास्तविक मुक्त कमैया, कम्हलरी र हलियाहरुको पहिचान गरी समस्या समाधान गर्नका लागि कानून (कार्यविधि/मापदण्ड) निर्माण गर्न तपसिल बमोजिमको ११(एघार) सदस्यीय मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:-

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष, श्री गणेश चौधरी | -संयोजक |
| २. | वडा नं. १ अध्यक्ष, श्री सुरेश कुमार चौधरी | -सदस्य |
| ३. | वडा नं. ३ अध्यक्ष, श्री सुरेश चौधरी | -सदस्य |
| ४. | वडा नं. ७ अध्यक्ष, श्री कमल महतो | -सदस्य |
| ५. | वडा नं. ८ अध्यक्ष, श्री तीर्थराज उपाध्याय | -सदस्य |
| ६. | कार्यपालिका सदस्य, श्री लक्ष्मी चौधरी | -सदस्य |
| ७. | विषय विज्ञ, श्री बालाराम भट्टराई | -सदस्य |
| ८. | मुक्त कमैया प्रतिनिधि, श्री पशुपति चौधरी | -सदस्य |
| ९. | मुक्त कम्हलरी प्रतिनिधि, श्री सीता चौधरी | -सदस्य |
| १०. | कर्मचारी प्रतिनिधि, प्र.प्र.अ. श्री आशिष चौधरी | -सदस्य |
| ११. | कर्मचारी भूमी सेवा केन्द्र, श्री अनिल चौधरी | -सदस्य-सचिव |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।१०।०६
गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टुँगोली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ :- खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार विकास परियोजनाको लागि बजेट निकासा माग गर्ने सम्बन्धमा ।**

निर्णय नं.६ :- प्रस्ताव नं. ६ माथी छलफल गर्दा विश्व बैङ्क (सङ्घीय सरकार), प्रदेश सरकार र यस जानकी गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार विकास परियोजनाको लागि सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट विनियोजित सम्झौता बमोजिमको रकम रु. ८४,५०,०००।– (अक्षेरुपी चौरासी लाख पचास हजार मात्र ।) निकासा माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :-**

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | भिम बहादुर कामी<br>जानकी गा.पा.६, कैलाली | २०,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | मुटु सम्वन्धि गम्भिर रोगलागेले औषधि उपचार गर्नको लागि आर्थिक सहयोग |

२०७९.१०.०८
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।१०।०८
गणेश चौधरी
अध्यक्ष

CamScanner